# शिवराज नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
चन्द्रौटा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या : ०८०/०८१
चलानी नम्बर :

सुचना प्रकाशन मिति: २०८१।०१।०६

## विषय: स्वयंसेवक शिक्षकको पदपूर्ति सम्बन्धी सूचना।

यस शिवराज नगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरुमा रिक्त रहेको स्वयंसेवक शिक्षक पदमा खुला प्रतियोगितात्मक परीक्षाको माध्यमद्वारा पदपूर्ति गर्नका लागि योग्य उम्मेदवारहरूले यस नगरपालिकाबाट निर्धारित गरिएको दरखास्त फाराम भरी सूचना प्रकाशित भएको १५ दिन भित्र आवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

**१. स्वयंसेवक शिक्षकको पदपूर्ति विवरणः**

| १. प्राथमिक तह | |
|---|---|
| विज्ञापन नं | संख्या |
| १०/०८०/८१ | २ |

| २. निम्नमाध्यमिक तह | |
|---|---|
| विज्ञापन नं/विषय | संख्या |
| ११/०८०/८१/ अंग्रेजी | १ |
| १२/०८०/८१/गणित | ४ |
| १३/०८०/८१/विज्ञान | १ |

**२. उम्मेद्वारमा हुनुपर्ने आवश्यक न्यूनतम योग्यता**

क) **प्राथमिक तह :** प्रवीणता प्रमाण पत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी शिक्षा विषयमा कम्तीमा दश महिने तालिम लिएको,

ख) **निम्नमाध्यमिक तह:** सम्बन्धित विषयमा प्रवीणता प्रमाण पत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी शिक्षा विषयमा कम्तीमा दश महिने तालिम लिएको,

**अन्य आवश्यक कागजातहरु :**

क) सम्बन्धित तहको स्थायी अध्यापन अनुमतिपत्रको प्रमाणित प्रतिलिपि।

ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

ग) दरखास्त फाराम बुझाउने अन्तिम मिति २०८१ बैशाख २० गतेसम्ममा १८ वर्ष पुरा भई ४० बर्ष उमेर ननाघेको हुनुपर्ने छ।

**३. उम्मेद्वारले अनिवार्य रूपले पेश गर्नु पर्ने कागजातहरू:**

क) नगरपालिकाद्वारा स्वीकृत गरिएको दरखास्त फाराम,

ख) परीक्षा दस्तुर: प्राथमिक तह रु ७००।– निम्नमाध्यमिक तह रु. १०००।– को कार्यालय नगदी राजस्व रसिद।

घ) उम्मेद्वार हुनको लागि तोकिएका कागजातहरू।

ङ) वैदेशिक शिक्षण संस्थाबाट प्राप्त गरेको शैक्षिक योग्यताको हकमा समकक्षता प्रमाणपत्रको प्रतिलिपि।

बाबुराम पौडेल
प्रमुख प्रशासकीय अधिकृत

फोन नं. ०७६-५४०११८,०७६-५४०१४७, फ्याक्स नं. ०७६-५४०११८
Email: info@shivarajmun.gov.np , shivrajmunicipality@gmail.com,
website: http://shivrajmun.gov.np

# शिवराज नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
चन्द्रौटा, कपिलवस्तु
लुम्बिनी प्रदेश


पत्र संख्या : ०८०/०८१
चलानी नम्बर :

सुचना प्रकाशन मिति: २०८१।०१।०६

पुनश्चः

४.दरखास्त फाराम साथ पेश गरिएका प्रमाणपत्रका प्रतिलिपिहरूमा उम्मेदवार स्वयमले सक्कल बमोजिम नक्कल ठीक छ भनी प्रमाणित गरेको हुनु पर्नेछ।

५. परीक्षाको किसिम: (क) लिखित परीक्षा (ख) मौखिक

६. दरखास्त फाराम पेस गर्ने अन्तिम मिति: २०८१ बैशाख २० गतेसम्म, उक्त दिन सार्वजनिक बिदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिन तोकिएको परीक्षा दस्तुर अनिवार्य रुपमा बुझाइ सक्नुपर्नेछ।

७. लिखित परीक्षा हुने मिति : पछि प्रकाशन गरिनेछ।

८. सम्पर्क मिति: २०८१ बैशाख २१ गते।

९. अन्तरवार्ताको मिति, स्थान र समय: लिखित परीक्षाको नजिता प्रकाशित गर्दा मिति, समय र स्थान तोकिने छ।

१०. बिज्ञापन सम्वन्धी थप जानकारी:

क) कुनै पनि शर्त राखी दरखास्त स्वीकृत गरिने छैन।

ख) कुनै उम्मेदवारले झुट्टा विवरण (कागजात) पेश गरेको जानकारी हुन आएमा त्यस्तो उम्मेदवारको दरखास्त फाराम जुन सुकै बखत रद्द गरी कानुन बमोजिम कारवाही गरिने छ।

ग) **निम्नमाध्यमिक तहको विज्ञान विषयको हकमा अध्यापन अनुमती पत्र अनिवार्य नगरी ग्राह्यता दिइनेछ।**

घ) शिक्षक सेवा आयोगले खुला प्रतियोगितात्मक परीक्षाको लागि तोकको नयाँ पाठ्यक्रम बमोजिम हुनेछ।

ङ) भाषा विषय वाहेक अन्यमा भाषाको माध्यम नेपाली वा अंग्रेजी वा दुवै हुनेछ।

११. दरखास्त सङ्कलन, रुजु र स्वीकृत गरी प्रवेशपत्र वितरण नगरपालिकाबाट हुनेछ।

बाबुराम पौडेल
प्रमुख प्रशासकीय अधिकृत


फोन नं. ०७६-५४०११८,०७६-५४०१४७, फ्याक्स नं. ०७६-५४०११८
Email: info@shivarajmun.gov.np , shivrajmunicipality@gmail.com,
website: http://shivrajmun.gov.np